# प्रकृतिका कुचिकार गिद्धहरुको संरक्षणमा

# हातेमालो गरौं ।





१ गिद्धहरू प्रकृतिका एक अभिन्न अंग हुन् तर यिनीहरू अहिले लोप हुने अवस्थामा पुगेका छन्।

२ नेपालमा पाइने नौ प्रजातिका गिद्धहरू मध्ये चार प्रजातिका गिद्धहरू: डंगर गिद्ध, सानो खैरो गिद्ध, लामो ठुँडे गिद्ध र सुन गिद्ध अतिनै संकटमा परेका छन्।

३ नेपालमा गरिएका विभिन्न अध्ययनहरूले विगत दुई दशकमा यिनीहरूको सख्या ९० प्रतिशत भन्दा बढिले घटेको देखाएका छन्।

४ यिनीहरूको विनाशको प्रमुख कारण पशुको उपचारमा प्रयोग गरिने औषधी **डाइक्लोफेनेक (Diclofenac)** हो।

५ डाइक्लोफेनेक नामक औषधीले उपचार गराइएका पशुहरू उपचारको क्रममा मृत्यु भएमा र उक्त सिनो गिद्धहरूले खाएमा मृगौलाले काम गर्न छोडी केहि दिनमै गिद्धहरू मर्दछन्।

६ नेपाल सरकार, औषधि व्यवस्था विभागले डाइक्लोफेनेक औषधीलाई वि. सं. २०६३ जेष्ठ २३ गतेदेखि पशु उपचारका लागि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाएको छ।

७ औषधि ऐन २०३५ बमोजिम पशु उपचारका लागि डाइक्लोफेनेक उत्पादन, प्रयोग, बिक्रीवितरण, आयात, निर्यात र भण्डारण गरेको पाइएमा ३ वर्ष कैद वा रु. ५,००० जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी प्रावधान छ।

८ प्रकृतिबाट गिद्धहरू लोप भएमा सिनोबाट उब्जन सक्ने विभिन्न प्रकारका हैजा, महामारी तथा रेबिज, ब्रुसेलोसिस र एन्थ्राक्स जस्ता रोगहरूको प्रकोप बढ्ने छ।

९ पशु उपचारमा डाइक्लोफेनेक जत्तिकै प्रभावकारी र गिद्ध लगायत अरु चराचुरुंगी तथा वन्यजन्तुलाई असर नगर्ने भनी प्रमाणित भैसकेको औषधी **मेलोक्सिक्याम (Meloxicam)** को प्रयोग गरौं र गिद्ध लगायत अन्य वन्यजन्तुको संरक्षणमा सहयोग पुऱ्याऔं।

१० मानिसमा प्रयोग हुने डाइक्लोफेनेक पशु उपचारमा प्रयोग गर्ने गरेको पाईएको छ। यस्तो अनुचित प्रयोग गरेको पाइएमा कानुन बमोजिम सजाय हुन सक्छ।

११ किटोप्रोफेन (Ketoprofen), निमुस्लाइड (Nimuslide)) र एसिलोफेनेक (Accelofenac) औषधिहरु गिद्धका लागि हानिकारक प्रमाणित भैसकेकोले पशु उपचारमा यी औषधीहरूको प्रयोग नगरौं।

१२ लोपोन्मुख गिद्धहरूलाई संरक्षण गर्नका लागि नेपालका विभिन्न ठाउँमा गिद्ध शुद्ध आहारा केन्द्रहरू संचालन, चितवनमा प्रजनन केन्द्र स्थापना र तराई तथा मध्य पहाडका जिल्लाहरूलाई प्रस्तावित गिद्ध सुरक्षित क्षेत्रको रुपमा व्यवस्थापन गर्दै छ।

१३ गिद्ध संरक्षणका लागि नेपालका तराई र मध्य पहाडी जिल्लाहरुमा 'गिद्ध सुरक्षित क्षेत्र' अर्थात डाइक्लोफेनेक मुक्त क्षेत्र स्थापना कार्य भैरहेको छ तसर्थ सो कार्यमा सक्दो सहयोग गरी गिद्धहरूको संरक्षणमा हातेमालो गरौं।

नेपाल जनहित संरक्षण संघद्वारा सर्वसाधारणमा जनचेतनाका लागि जारी गरिएको अपील

Supporters

The Rufford Small Grants Foundation
www.ruffordsmallgrants.org

RSPB

SAVE — Saving Asia's Vultures from Extinction

ZSL — Living Conservation

थप जानकारीका लागि **नेपाल पन्छी संरक्षण संघ** पोष्ट बक्स नं. १२४६५, लाजिम्पाट, काठमाण्डौ
फोन: ४४१७८०५, ४४२०२१३, फ्याक्स: ४४१३८८४, इमेल: bcn@birdlifenepal.org